कमलमा सार्वजनिक सुनवाई

कमल, चैत २५। झापाको कमल गाउँपालिकाले सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न गरेको छ ।

गाउँपालिकाको आयोजना र भिन्न मिडिया एण्ड रिसर्च प्रालिको प्राविधिक सहयोगमा गाउँपालिका-२ स्थित कमलेश्वरी सहकारी संस्थाको सभाहलमा सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न भएको हो ।

गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईको अध्यक्षतामा पहिलो चरणको कार्यक्रम भएको थियो । जसमा उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीले स्वागत गरेका थिए भने प्रमुख प्रशासकीय अधिकृत केशवकुमार ढकालले गाउँपालिकाको तर्फबाट चालूआर्थिक वर्षमा भए गरेका कार्यक्रमको संक्षिप्त गतिविधिका प्रस्तुत गरेका थिए ।

कार्यक्रमको दोश्रो चरणमा सहभागीकातर्फका जिज्ञासा संकलन गरिएको थियो । जसमा सहभागीकातर्फबाट देबु चापागाँई, एलबी तामाङ, ख्यामराज खनाल, उमाकान्त निरौला, सोमनाथ भण्डारी लगायतले सडक, विद्युत, जंगली हात्तीको समाधान, स्वास्थ्य र कर्मचारी व्यवस्थापन लगायतका विषयका जिज्ञासा राखेका थिए । सहभागीका तर्फबाट राखिएका जिज्ञासाको गाउँपालिका अध्यक्ष हुकुमसिंह राई, उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी र प्रमुख प्रसाशकीय अधिकृत केशवकुमार ढकाल, ३ नम्बर वडाध्यक्ष अग्निप्रसाद कोइरालाले जवाफ दिएका थिए ।

कार्यक्रममा राजनीतिक दलकातर्फबाट नेपाली काङ्गेसका वीरभद्र पोखेलले सकारात्मक सुझाव दिएका थिए भने २ नम्बर वडाध्यक्ष अशोक सुब्बाले धन्यवाद ज्ञापन गरेका थिए । कार्यक्रमको सहजीकरण भिन्न मिडिया एण्ड रिसर्च प्रालिकातर्फबाट बाबुराम निरौलाले गरेका थिए ।

भोजपुर भुल्केमा 'एक घर, एक टनेल'

भोजपुर, चैत २५। सागसब्जीखेती प्रवर्द्धन गर्ने उद्देश्यले रामप्रसाद राई गाउँपालिका-३ भुल्केमा 'एक घर, एक टनेल' कार्यक्रम सञ्चालन भएको छ । किसानलाई व्यावसायिक सागसब्जीखेतीमा जोड्न गाउँपालिकाले 'एक घर एक प्लाष्टिक टनेल' कार्यक्रम सञ्चालन गरेको हो ।

गाउँपालिकाको 'नेपाल जलवायु अनुकूलन कार्यक्रम'मार्फत रु. १० लाख र वडाले रु. तीन लाख ५० हजार बजेट विनियोजन गरेर किसानलाई टनेल वितरण गरेको रामप्रसाद राई-३ भुल्केका वडाध्यक्ष रामु थापामगरले बताए । किसानको ५० प्रतिशत लागत साझेदारीमा प्लाष्टिक टनेलसहित अन्य कृषि सामग्री वितरण गरिएको वडाध्यक्ष थापामगरले जानकारी दिए । किसानको मागको आधारमा पहिलो चरणमा वडाका १२१ जना किसानलाई टनेल वितरण गरिएको उनले बताए ।

भुल्के क्षेत्रलाई सागसब्जीमा नमूना बनाउने लक्ष्यका साथ अघि बढेका छौं- वडाध्यक्ष थापामगरले भने- यो वर्ष हामीले किसानको लागत साझेदारीमा कृषि सामग्री वितरण गरेका छौं । तरकारीको लागि उपयुक्त भूगोल रहेकाले

यसको खेतीमा जोड दिएका हौं । किसानलाई कम्तीमा पनि तीन वर्षसम्म अनिवार्य खेती गर्ने सर्तसहित टनेल वितरण गरिएको वडाध्यक्ष थापामगरले बताए ।

प्लाष्टिक टनेलसहित थोपा सिँचाइ, मल्चिङ प्लाष्टिक, पाइप, कीरा मार्ने पासो र आवश्यक बीउबिजन पाएको स्थानीय किसान सीताराम मगरले बताए । गाउँपालिका तथा वडाले गरेको सहयोगले व्यावसायिक सागसब्जी खेतीमा लाग्न प्रोत्साहन मिलेको उनले बताए । प्लाष्टिक टनेलसहित आवश्यक बीउबिजन र कृषि सामग्री पाएकाले खेती गर्न सहज भएको उनले बताए ।

गाउँपालिकाले गरेको सहयोगबाट थप टेवा पुगेको अर्का किसान देवीप्रसाद भट्टराईले बताए । अन्य बालीको तुलनामा प्रविधि प्रयोग गरेर उत्पादित सागसब्जीबाट छ गुणा बढीसम्म आम्दानी लिएको उनले सुनाए । किसानलाई प्रविधिमैत्री जैविकखेती प्रणालीमा जोड्न 'एक घर एक प्लाष्टिक टनेल'को कार्यक्रम सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष थामबहादुर राईले बताए । किसानलाई सागसब्जीखेतीसम्बन्धी जानकारी दिन पाँच वटा वडामा केन्द्र स्थापना गरेर प्रशिक्षणको व्यवस्था गरिने उनले बताए ।

अध्यक्ष राईले भने- अधिकांश किसानको मुख्य आम्दानीको स्रोत नै कृषि छ । खेती प्रणालीलाई व्यवस्थितसँगै आयमूलक बनाउन विभिन्न कार्यक्रम गरिरहेका छौं । किसानले उत्पादन गरेको कृषिउपजको बजारीकरणको लागि कृषि एम्बुलेन्स खरिद गरेका छौं ।

गाउँपालिकालाई तरकारीको 'हब' बनाउने लक्ष्यका साथ 'कृषि गुरुयोजना' बनाएर कृषिमा लगानी गरिरहेको छ । गाउँपालिकाले उत्कृष्ट खेती गर्ने किसानलाई पुरस्कारको व्यवस्था गरेको अध्यक्ष राईले जानकारी दिए ।

सञ्जीवनी इन्भेष्टमेण्ट कम्पनी स्थापना

झापा, चैत २५। झापाको बिर्तामोडमा सञ्जीवनी इन्भेष्टमेण्ट कम्पनी स्थापना भएको छ ।

कम्पनीको उद्घाटन शनिवार कोशी प्रदेश सरकारका खानेपानी तथा सिञ्चाई मन्त्री एकराज कार्कीले गर्ने भएका छन् ।

विभिन्न क्षेत्रमा आबद्ध ११४ जनाले लगानी गर्दै बिर्तामोड-४मा यो कम्पनी स्थापना गरेका हुन् । कम्पनीको मुख्य कार्यालय बिर्तामोड-४स्थित भद्रपुर रोडमा रहेको कम्पनीका अध्यक्ष याम कुमार चुडालले जानकारी दिए । कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा १ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा गत २०८१ असोज २२ गते पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको कम्पनीका अध्यक्ष चुडालले जानकारी दिए ।

कम्पनी समुद्घाटनको पूर्व सन्ध्यामा आयोजित पत्रकार सम्मेलनमार्फत कम्पनीको अधिकृत पूँजी २० करोड, जारी पूँजी ६ करोड ६० लाख र चुक्ता पूँजी ५ करोड २८ लाख रहेको जानकारी दिइयो ।

आगामी वर्षहरुमा राइट शेयर र आईपीओमार्फत कम्पनीको पुँजी वृद्धि गरिँदै लैजाने र कम्पनीलाई सवल र सक्षम बनाइ पूर्वको एक स्थापित कम्पनीको रुपमा स्थापना गर्ने कम्पनीले विभिन्न उद्देश्य लिएको उनले जानकारी दिए । बिर्तामोड सञ्जीवनी इन्भेष्टमेण्ट कम्पनीले बैंक तथा वित्तीय संस्था साथै बैंक तथा विभिन्न कम्पनीबाट निष्काशित शेयर एवम् अन्य मुनाफामूलक क्षेत्र, जग्गा, जमीन हाउजिङ्ग परियोजना अपार्टमेन्ट तथा व्यापारिक कम्प्लेक्सहरु, भौतिक पूर्वाधार निर्माण, ठेक्का पट्टा, जलविद्युत् परियोजना एवम् विकासका परियोजनाहरुमा लगानी गरिने पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

आयात, निर्यात, शैक्षिक, स्वास्थ्य, शैक्षिक, हस्तकला, सुरक्षा, अनुसन्धान, बजार प्रवर्द्धन लगायतका क्षेत्रहरु, विभिन्न कृषिसँग सम्बन्धित क्षेत्रमा लगानी गर्ने, विभिन्न संघ-संस्था, कम्पनी तथा अन्य संगठित संस्थाहरुले माग गर्ने बोलपत्रमा सहभागी भई ठेक्कापट्टाको कार्य गर्ने आदि कम्पनीको उद्देश्य रहेको सञ्चालक सदस्य मिलन कोइरालाले जानकारी दिए ।

कम्पनीका अध्यक्ष यामकुमार चुडालको अध्यक्षतामा सम्पन्न पत्रकार सम्मेलन कम्पनी सचिव दिनेशकुमार सुवेदीले सञ्चालन गरेका थिए ।

भारतमा असिनापानीका कारण २५ जनाको मृत्यु

भारत, चैत २५। भारतको पूर्वी राज्य बिहारका विभिन्न जिल्लाहरूमा बिहीबार असिनापानीका कारण २५ जनाको मृत्यु भएको बिहारको राज्य सरकारले जनाएको छ ।

बिहारका मुख्यमन्त्री नितिश कुमारले मृतकको परिवारलाई चार लाख भारतीय रुपैयाँ (चार हजार ६४९ अमेरिकी डलर) आर्थिक राहत दिने घोषणा गरेका छन् ।

विगत दुई दिनदेखि बिहारमा पानीजन्य प्रकोपका कारण मृतकको संख्या बढिरहेको सरकारले जनाएको छ । मौसम विभागले बिहारका १३ जिल्लामा मौसम सम्बन्धी जोखिमको चेतावनी जारी गर्दै आगामी दुई दिनसम्म सजग रहन स्थानीयहरूलाई निर्देशन जारी गरेको छ ।

प्रतिधि ...

स्वास्थ्य र रोजगारमा जोड दिनुपर्ने बताए थिए ।

त्यस्तै शिवपाञ्चायन नवग्रह मन्दिर मेचीनगर-७का पण्डित देवराज निरौलाले आफ्नो मन्दिरमा विवाह गराउन आउँदा जोडीसंग अभिभावक खोज्ने गरेको र उमेर खोजी गर्ने गरेको बताएका थिए । उनले हिन्दूधर्ममा रजस्वला नभइकन विवाह गराउँदा पुण्य प्राप्त हुन्छ भन्ने कुरा धर्मशास्त्रमा कहींकतै उल्लेख नभएको स्पष्ट पारे ।

बौद्ध धर्मका धर्मगुरु कचनकवल-१का अविदल तामाङले आफूहरुले 'लो' र 'खाम' हेरेर मात्र विवाह गराइदिने गरेको बताए । उनले मागी विवाहमा बालविवाह हुन नदिए पनि भागी विवाहमा समस्या रहेको प्रतिक्रिया दिए । मेचीनगरका ईसाई धर्मका पास्टर तथा इसाई समाज झापाका अध्यक्ष इसहक सेन्चुरीले मानिसको तीनवटा कर्ममध्ये वैवाहिक कर्म आदरणीय र सम्माननीय रहेको बताउँदै आफूहरुले चर्चमा बाल विवाह गर्न गराउन हुँदैन भन्ने कुरा बुझाउने गरेको बताए ।

कार्यक्रममा सहभागी सबैधर्म गुरुहरुले कुनै पनि धर्मको धर्मग्रन्थमा बालविवाह गराउनु भनेर उल्लेख नभएको बताएका थिए । साथै आगामी दिनमा बाल विवाह नगराउने धार्मिक गुरुहरुले प्रतिबद्धता जनाएका छन् ।

कार्यक्रममा धर्मगुरुहरु बाह्रदशीका पुसक ताजपुरिया, मेचीनगरका ज्ञानबहादुर मगर, कचनकवलकी राधिका आचार्य, कचनकवलका श्यामलाल गणेश, टीकालाल राजवंशी, कचनकवलका महमद अजाज हुसैन र महमद इहासनुल हक, समाजसेवी मिरा पोखेल लगायतले पनि बालविवाहका बारेमा आफ्ना अनुभव सुनाएका थिए ।

महिला जनचेतना केन्द्रकी अध्यक्ष सीता गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा संस्थापक अध्यक्ष राधा प्रधानले स्वागत मन्तव्यसहित कार्यक्रमको औचित्यमाथि प्रकाश पारेकी थिइन् । कार्यक्रमको सञ्चालन सञ्चारकर्मी सुष्मा राजवंशीले गरेकी थिइन् । महिला जनचेतना केन्द्रले सन् २०१९देखि बालविवाह न्यूनीकरणमा झापाको मेचीनगर, बाह्रदशी र कचनकवलमा अभियान सञ्चालन गर्दै आएको छ ।

विवाहका लागि नेपालको संविधानमा उल्लेख भएको कानूनमा किशोर र किशोरी दुवैको उमेर २० वर्ष तोकेको छ । २० वर्ष भन्दा कम उमेरमा हुने विवाह स्वतःरद्द हुने व्यवस्था छ साथै २० वर्षभन्दा कम उमेरमा विवाह गर्ने र गराउनेलाई ३ वर्षको कैद र ३० हजार जरिवाना तोकिएको छ ।

देवर ...

लागि गरेको हो भन्ने अनुसन्धानपछि मात्र सबै बाहिर आउने प्रहरीको भनाइ छ ।

मृतककी श्रीमान प्रेम बुढाथोकी भने वैदेशिक रोजगारीको सिलसिलामा कोरियामा रहेका छन् । प्रेम कोरिया गएको ५ वर्षपछि गतपुस महिनामा करिब एक महिना बिदामा आएको र पुनः कोरिया नै फर्किएको पाइएको छ । मृतक करिब डेढ वर्षदेखि इटहरीको हलगडामा छोरासँग भाडामा बस्दै आएको प्रहरीले जनाएको छ ।

नेपालमै छु ...

उनी फरार रहेकोमा बिहीबार प्रहरीको विशेष ब्युरोले भारतमा प्रकाउ गरेपनि शुक्रवार उनलाई भद्रपुरमा पक्राउ गरेको जनाएको हो । उनी प्रदर्शनकारीको कमान्डर रहेको कारणले यसको निर्देशक र परिचालक उनी भएको आरोप छ । प्रदर्शनकारीले निजी घर र जडीबुटी कारखानामा आगजनीसमेत गरेका थिए ।

व्यवसायी प्रसाईको अगुवाइमा गरेर चैत ४ गते राष्ट्रिय पञ्चायतका पूर्वअध्यक्ष राप्रपाका नेता नवराज सुवेदीको नेतृत्वमा राजसंस्था पुनःस्थापनाका लागि संयुक्त जनआन्दोलन समिति गठन गरिएको थियो । सुवेदीले उनै प्रसाईलाई जनआन्दोलन समितिको कमान्डर पनि घोषणा गरेका थिए ।

उनीमाथि आपराधिक उपद्रव र राज्यविरुद्धको कसुरमा पनि अनुसन्धान अघि बढ्ने बताइएको छ । यसअघि सोही प्रदर्शनमा सहभागी राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री डा. धवलशम्शेर राणासहितलाई संगठित अपराध, आपराधिक उपद्रव र राज्यविरुद्धको कसुरमा अनुसन्धानका लागि हिरासतमा राखिएको छ ।

राजावादीको हिंसात्मक प्रदर्शनमा प्रसाईंमाथि प्रहरीलाई कुल्चने गरी गाडी कुदाएको र उनका समर्थकहरूले विभिन्न सार्वजनिक तथा निजी भवन, सञ्चारगृह र व्यापारिक केन्द्र गरी कूल ४० संरचनामा ढुंगामुढा, तोडफोड, आगजनी र लुटपाट गरेको आरोप लागेको छ ।

त्यस्तै सार्वजनिक तथा निजी गरी ६९ वटा गाडीमा क्षति पुऱ्याएका थिए । घटनामा पत्रकार सुरेश रजक र सविन महर्जनको ज्यान गएको थियो भने १ सय २९ जना घाइते भएका थिए, पाँच जना अझै अस्पतालमा छन् ।

गाँजासहित ...

सूचनाका आधारमा गएको वाइसीएलको टोलीले बिर्तामोडको सिटी सेन्टर अगाडि उक्त बस रोकेको थियो । बस रोकेर प्रहरीलाई खबर गरेका उनीहरुले दुई जना भारतीय नागरिकसहित गाँजा बरामद गरेका हुन् ।

भारतीय नागरिकहरु ४६ वर्षीय इब्राहिम किथड र ३७ वर्षीया सनम सेठले ल्याएको दुई वटा सुटकेशबाट ३९ पोका गाँजा बरामद भएको छ । विदेशी कुरकुरे र लेजको प्याकेटभित्र छुट्टै प्याकेटमा ती गाँजाहरु प्याक गरिएको थियो । पक्राउ परेका उनीहरु केहिदिन अघि थाइल्याण्डबाट काठमाडौं आएको खुलेको छ । पक्राउ परेका उनीहरुलाई इलाका प्रहरी कार्यालय अनारमनीमा राखेर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

अवकाश ...

र संघ- संस्थाहरूलाई उत्प्रेरित गर्ने, स्वास्थ्य बिमाको हालसम्मको सिर्जित दायित्व भुक्तानी गर्ने र स्वास्थ्य बिमाको बढ्दो भार सम्बोधन गर्न स्वास्थ्यमा हानी गर्ने सुर्ती, चुरोट, मदिरामा स्वास्थ्य कर लगाएर बिमा कोषमा जम्मा गर्ने व्यवस्था मिलाइनुपर्ने सुझाव छ ।

मेडिकल शिक्षामा सरकारी कलेजहरूमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशतलाई पूर्ण छात्रवृत्ति गर्ने गरिएको विद्यमान व्यवस्थालाई परिमार्जन गरी २५ प्रतिशतलाई पूर्ण छात्रवृत्ति र अर्को २५ प्रतिशतलाई आंशिक छात्रवृत्तिको व्यवस्था ल्याइनुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

यस्तै, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषबाट परिचालित वित्तीय साधनलाई उच्च प्रतिफल दिने आयोजना लक्षित गरी लगानी गर्ने व्यवस्था गर्न सुझाव दिइएको छ ।

तीन ...

बिहीबार राति ९ बजेतिर घरका सबै सुतेपछि घर पछाडि राखिएको खरमा आगो लगाएर षड्यन्त्रपूर्ण रुपमा बालिकाको अपहरण गरिएको अभिभावकको भनाइ छ ।

खरमा आगो लागेको विषय बमबहादुरको परिवारलाई माथिल्लो घरबाट खबर भएको थियो । त्यसपछि बमबहादुरका श्रीमान-श्रीमती छोराछोरीलाई सुतिरहेकै ठाउँमा छाडेर आगो निभाउन गएपछि अपहरणकारीले बालिकालाई लिएर गएका पाइएको छ ।

फ्रि भिषा ! फ्रि खाना/बस्न !! फ्रि तालिम !!!

UAE मा रोजगारीको अवसर

United International Group

७ दिनमा भिषा आउने

कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924

पद	माग संख्या	तलब	ड्युटी
मेसन	५००	१००० दिराम + ३ टाइम खाना	८+२ घण्टा २६ दिन
कार्पेन्टर	५००	१००० दिराम + ३ टाइम खाना	८+२ घण्टा २६ दिन
स्टील फिक्चर	५००	९५० दिराम + ३ टाइम खाना	८+२ घण्टा २६ दिन
हेल्पर	५००	८९० दिराम + ३ टाइम खाना	८+२ घण्टा २६ दिन

कम्पनीको विशेषताहरु : अन्तरवार्ता दिनु नपर्ने, उमेरको हकमा: ५० वर्षसम्म

ASIA LINK SERVICES (P) LTD.

BRANCH OFFICE : BIRTAMOD, JHAPA

Tel: 023-535072 / 531287

Mobile: 9852674809 / 9863714421 / 9807963795 / 9816015488

email: asialinkjhapa@gmail.com/phagdhakgroup@gmail.com

भूमिसुधार तथा मालपोत कार्यालयको मोही हक नामसारी तथा बाँडफाड सम्बन्धी ३० दिने सूचना

निम्न लिखित विवरणको जग्गाधनी र मोही भएको जग्गाका मोहीको मृत्यु भएकोले सो जग्गाको मोही हक मोहीका २ जना हकदारमध्ये देवनारायण चौधरीका नाममा एकलौटी नामसारी गरी बाँडफाँड गर्न सहमति जनाई बलराम चौधरीले यस कार्यालयमा हक छाडपत्र गरी सनाखत, सहीछाप समेत गरेका सो जग्गाको जग्गाधनी पदमा देवी चुडालका नाममा जारी भएको १५ दिने म्याद निज जग्गाधनीको मृत्यु भएकोले निजका कान्छा छोरा युवराज चुडालले बुझी म्यादभित्र प्रतिउत्तर जिकिर नलिएका हुँदा अन्य हकदारहरुको हकमा विशेष अदालत ऐन २०५९ को दफा १०(९) बमोजिम यो सूचना प्रकाशन गरिएको छ । सो मोही हक नामसारी तथा बाँडफाड सम्बन्धमा कुनै दावी विरोध भएमा यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र प्रतिउत्तर र कानून बमोजिम आफ्नो लिखित प्रमाण समेत लिई अड्डा खुलेको समयमा यस कार्यालयमा हाजिर हुन वा कानून बमोजिम वारिस वा कानून व्यवसायी पठाउनु होला ऐन बमोजिम पुर्पक्ष हुनेछ । आफ्नो लिखित प्रमाण सक्कल/नक्कल प्रतिउत्तरको साथमा दाखिला गर्न नसके ऐन बमोजिम हुनेछ । सो म्यादभित्र प्रतिउत्तर लिई आफू आउनु भएन, वारिस वा कानून व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम फैसला हुनेछ । पछि तपाईको उजुर लाग्ने छैन ।

तपसिल

जग्गाधनीको विवरण	जग्गाको ठेगाना	कि.नं.	क्षेत्रफल	मोहीको नाम, थर
पदमादेवी चुडाल	चकचकी-८	१२६२	१-१९-०	शिवमाया चौधरीको मृत्यु हुँदा निजको छोराहरु देवनारायण चौधरी र बलराम चौधरी

नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.

NAVODAYA MULTIPURPOSE CO-OPS LTD.

कमल गाउँपालिका -३, केर्खा, झापा

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

मितिः २०८१।१२।३०

यस संस्थालाई निम्न वमोजिम कर्मचारीको आवश्यकता भएको हुँदा इच्छुक नेपाली नागरिकलाई प्रथमपटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा पेश गर्ने गरी आवेदन आव्हान गरिन्छ ।

१) विज्ञापन नं. ०१/ ०८१/०८२

(क) पद : संकलक (बजार प्रतिनिधि)

(ख) किसिम : करार

(ग) संख्याः- केर्खा सेवा केन्द्र २ जना, सुरुङ्गा सेवा केन्द्र १ जना, दमक सेवा केन्द्र २ जना, शिबगन्ज सेवाकेन्द्र २ जना, बिर्तामोड सेवा केन्द्र ३ जना, धुलाबारी सेवाकेन्द्र ३ जना, मधुमल्ला सेवाकेन्द्र २ जना, (पाठशाला) उर्लाबारी सेवाकेन्द्र १ जना

(घ) शैक्षिक योग्यता: न्यूनतम् एसईई उत्तीर्ण वा सो सरह

(ङ) उमेर : १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको

(च) तलबः संस्थाको नियमानुसार र कमिसन

(छ) निवेदन दस्तुर : रु. २००।- (फिर्ता नहुने)

(ज) परीक्षाको किसिमः मौखिक तथा कम्प्युटर प्रयोगात्मक

(झ) अन्य योग्यता : कम्प्युटरमा वेसिक कोर्ष पूरा गरेको

(ञ) आवेदन पेश गर्ने स्थान : संस्थाको मुख्य कार्यालय, केर्खा र बिर्तामोड सेवाकेन्द्र, सुरुङ्गा सेवा केन्द्र, दमक सेवा केन्द्र, शिबगञ्ज सेवा केन्द्र, धुलाबारी सेवा केन्द्र, मधुमल्ला सेवा केन्द्र, उर्लाबारी सेवा केन्द्र

(ट) आवेदन पेश गर्ने समय : कार्यालय समयभित्रमा पेश गर्नुपर्ने

२) विज्ञापन नं. ०२/०८१/०८२

(क) पद : कनिष्ठ सहायक

(ख) किसिम : अस्थाई

(ग) संख्याः शिवगञ्ज सेवा केन्द्र १ जना, बिर्तामोड सेवा केन्द्र १ जना, बनियानी सेवा केन्द्र १ जना,

(घ) शैक्षिक योग्यता : न्यूनतम् १२ कक्षा उत्तीर्ण वा सो सरह

(ङ) उमेर : २० बर्ष पुरा भई ४० बर्ष ननाघेको

(च) तलबः संस्थाको नियमानुसार

(छ) निवेदन दस्तुर : रु. ३००।- (फिर्ता नहुने)

(ज) परीक्षाको किसिम : लिखित, मौखिक तथा कम्प्युटर प्रयोगात्मक

(झ) अन्य योग्यता : कम्प्युटरमा वेसिक कोर्ष पूरा गरेको

(ञ) आवेदन पेश गर्ने स्थानः संस्थाको मुख्य कार्यालय केर्खा, शिबगञ्ज सेवा केन्द्र, बिर्तामोड सेवा केन्द्र र बनियानी सेवा केन्द्र

पुनश्चः

१) अनुभवी, मोटर साइकलको लाइसेन्स हुने र स्थानीयलाई विशेष ग्राह्यता हुनेछ ।

२) सफल उम्मेदवारले संस्थाको नियम अनुसारको नगद वा जिन्सी धितो जमानत दिन सक्ने हुनुपर्नेछ ।

३) रीत नपुगेका र म्याद नाघी आएका आवेदन उपर कुनै कार्वाही हुनेछैन ।

४) अन्य जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

पदपूर्ति उपसमिति

नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.

कमल गा.पा.-३, केरखा, झापा

फोन नं. ०२३-४७५०३१, ४७५१८६ (केर्खा सेवाकेन्द्र)

भद्रपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा

कोशी प्रदेश, नेपाल

प्रकाशित मितिः २०८१।१२।३०

दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

यस कार्यालयलाई आवश्यक पर्ने मालसामानहरु आपूर्ति गर्ने सम्बन्धी पर्न आएको दरभाउपत्रहरुमध्ये तल उल्लेखित दरभाउ-पत्रहरु सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि आशय प्रकट गरिएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को दफा ८४ को उपदफा १०को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र.सं.	दरभाउपत्र । ठेक्का कामको विवरण	स्वीकृतका लागि छनौट भएका दरभाउपत्रदाताको नाम, ठेगाना	दरभाउपत्रमा स्वीकृत रकम रु.(मू.अ.कर सहित)	कैफियत
(१)	एयर कन्डिसनर (AC) आपूर्ति सम्बन्धि	श्री निक्की डिष्ट्रीब्यूटर्स, (भ्याट दर्ता नं. ३००२३३५००) धरान न.पा.-१, सुनसरी	रु. १०,५४,९६८।००	
(२)	फर्निचर तथा फर्निसिडका सामानहरु आपूर्ति सम्बन्धि	श्री न्यू निरज स्टील फर्निचर उद्योग, (भ्याट दर्ता नं. ६१०६४२८१४) गोलबजार न.पा.-३, सिराहा	रु. १६,५६,०१५।००	

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (५८४४६४२०५५/ ५८१७५५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (५८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (५८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-५८०७५१०२२२/सञ्जय श्रेष्ठ ५८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com